तपाइको सन्दर्भ गाइड

2023 साल अप्रिल संस्करण

# फोहोर र रिसाइकल योग्य सामग्रीको बर्गिकरण र फाल्ने तरिका

## बर्गिकरण गर्ने पोइन्ट

फोहोर बर्गिकरण गर्नुहोस रिसाइकल गर्न मिल्ने कागज र प्लास्टिक सामग्रीहरु जलाउने फोहोर बाट हटाउनुहोस।

जल्ने फोहोर प्रयोग गरेका कागज र प्लास्टिक कन्टेनर/प्याकेजिंग समूह सम्झनुहोस




### जलाउन योग्य फोहोर बाकस

खानाका टुक्राहरु

सान घरायसी उपकरण

प्लास्टिक आइटम

बाक्लो, फोहोर,र दुर्घन्धित कागज

### प्रयोग गरेको कागजको बाकस

पत्रिका बाहेकको कागज म्याकजिन, कार्डबोर्ड, पिउने सामग्रीका कागज कार्टुन, र्यापिंग कागजहरु आदि ।

खामहरु ,मेमो नोटहरु ,आदि।

कृपया पत्रिका , म्याकजिन, कार्डबोर्ड, पिउने सामग्रीका कागज कार्टुनहरुको छुट्टा छुट्टै बन्डल बनाउनुहोस् ।

### प्लास्टिक कन्टेनर/ प्याकेजिंग बाकस

कृपया हलुका सफा गर्नुहोस

यो लोगो हेर्नुहोस

बोतलहरु

ट्यूबहरू

कप, ट्रेहरु

जालीहरु

बिर्कोहरु

प्लास्टिक झोलाहरु

कुशन सामग्रीहरु

## फोहर सङ्कलन गर्ने गाडीमा आगो लाग्ने दुर्घटना बारम्बार घटिरहेको छ। !!






**ब्याट्री जडिट सामानलाई "जलाउने फोहर" मा नमिसाउनुहोस्। ब्याट्रीलाई निकाल्न नसकिने रिचार्जेवल सानो आकारको घरायसी इलेक्ट्रोनिक्स सामानलाई, जलाउने फोहर राख्ने झोलामा नराखिकन "छुट्टै झोला" मा राखि जलाउने फोहर फाल्ने दिनमा फाल्ने गर्नुहोस्।**


## सानो आकारको रिचार्जेवल ब्याट्री (मोबाइल ब्याट्री सहित) को "सङ्कलन" मा सहयोग गर्नु हुन अनुरोध!

सानो आकारको रिचार्जेवल ब्याट्री (मोबाइल ब्याट्री सहित) को हकमा, उत्पादक तथा विक्री गर्ने पसल तथा व्यवसायीहरू आफैले सङ्कलन तथा रिसाइकल गर्नुपर्ने भनि कानूनद्वारा अनिवार्य गरिराखेको छ। यस्तो सामानलाई फोहर थुपार्ने स्थानमा फाल्न मिल्दैन। उत्पादकहरू मिलेर स्थापना गरेको संस्था JBRC ले, इलेक्ट्रोनिक्स पसल वा साइकल बिक्री गर्ने पसल, होम सेन्टर आदिमा पहेँलो रङ्गको सङ्कलन बक्स (सानो आकारको रिचार्जेवल ब्याट्री रिसाइकल बक्स) राखेर, सङ्कलन गर्ने गरिरहेको छ।

**बक्स राखिराखेको स्थान** प्रत्येक वडामा रहेको संयुक्त सरकारी भवन, सङ्कलन गर्ने कार्यालय, वडावासीले प्रयोग गर्ने संरचना तथा भवन (केहीमा मात्र ), इलेक्ट्रोनिक्स पसल तथा साइकल पसल, होम सेन्टर आदि

**सङ्कलन गर्ने ब्याट्रीहरू**
- निकल क्याडमियम ब्याट्री,
- निकल मेटल हाइड्राइड ब्याट्री
- लिथियम आयन ब्याट्री, JBRC मा आबद्ध कम्पनीद्वारा उत्पादित सामान (ब्याट्री निर्माता, उपकरण निर्माता, प्याकिङ्ग सामान निर्माता)

**ध्यान दिनु पर्ने कुराहरू**
- टर्मिनल भागलाई टेपले बेरर करेन्ट नबग्ने गर्नुहोस्।
- सङ्कलन गर्न सक्ने ब्याट्री भनेको, JBRC मा आबद्ध कम्पनीद्वारा उत्पादित सामान मात्र हो।
- इलेक्ट्रिक साइकलको ब्याट्री सङ्कलन गर्ने स्थान सीमित मात्र छ। जस्तै, साइकल पसल / वडा कार्यालय, सङ्कलन गर्ने कार्यालय आदि ।




रिसाइकल कार्यमा बाधा पुग्ने खालको सामान तथा खतरा निम्त्याउने सम्भावना भएका थुप्रै बस्तुहरू मिसाइएको पाइन्छ। सीमित स्रोत साधनलाई प्रभावकारी रुपमा उपयोग गर्नको लागि पनि, नियम पालन गरेर फोहर फाल्ने गर्नुहोस्।

जापानीज भाषा बोल्न नआउने व्यक्तिले, जापानीज भाषा आउने व्यक्ति मार्फत कुराकानी गर्ने वा, योकोहामा-सी ताबुन्खा क्योउसेइ सोउगो सोउदान सेन्टर (योकोहामा विदेश निवासी सूचना केन्द्र) (सोमवार देखि शुक्रवार १० बजे देखि १६:३० बजे सम्म, दोस्रो र चौथो शनिवार १० बजे देखि १२:३० बजे सम्म, ११ वटा भाषामा कुराकानी गर्न सक्ने) मा सम्पर्क गरी परामर्श लिनुहोस्।

**स्रोतहरू र खेर गएको सामग्री रिसाइकिलिंग ब्यूरो**

## फोहोर बिभाजन नगर्ने र जथाभाबी फाल्नेलाइ आर्थिक सजाय पनि हुन सक्छ

तपाइको फोहोर बर्गिकरण गर्नुहोस्। यो योकोहामाको नियम हो

आवासीय र व्यावसायिक दुबैको लागि शहरको नियम अनुसार फोहोर बिभाजन गर्न र फाल्न अनुरोध गरिन्छ
मे 1, 2008 अनुसार आवासीय र व्यावसायिक दुवै जसले नियम पालना गर्दैन प्रशाशनको नियम अनुसार 2000 येन जरिवाना गरिन्छ यो निम्नानुसार चरणहरूद्वारा सञ्चालन भइरहेको छ।

1. बर्गिकरण गर्न नजानेको लाई सिकाउने
2. नियम पालना नगर्ने लाई चेतावनी दिने
3. चेतावनी पालना नगर्ने लाई निर्देशन गर्नु
4. प्रशाशनको जरिवाना (2000 येन) गरिन्छ जसले वर्षभरि नै नियम अनुसार फोहोर बिभाजन नगर्ने र जथाभाबी फाल्नेलाइ सजाय पनि हुन सक्छ

*यदि व्यवसायहरूलाई दिइएको चेतावनी पालना नगरेको खण्डमा, तिनीहरूका नामहरू र अन्य जानकारी प्रकाशन गरिनेछ।

- कर्मचारीले फोहोर छुट्याय नछुट्यायको परिक्षणको लागि फोहोरको झोला खोल्न सक्छन
- जुन व्यक्तिले जानी जानी फोहोर बिभाजन गर्दैनन त्यो बिषय बन्न सक्छ तर अन्जानमा र गल्तिले गरेको बिषय बन्दैन
- सोधपुछ स्रोत र खेर गएका सामग्री संकलन **संचालन बिभाग** टेलिफोन: ☎671−3819

## क्यान, सिसी, प्लाष्टीक बोटललाई छुट्याउने कार्य "हातले गर्ने काम" बाट गरिरहेको छ!

**[खतरनाक पदार्थ मिसावटबाट रोकथाम]**
रिसाइकलको प्रक्रियामा, हातले नै छुट्याउनु पर्ने सामान पनि धैरे भएको कारण जोखिम मोलेर काम गर्नु पर्ने अवस्थाको कारण, कर्मचारीहरू घाइते हुने खालको दुर्घटना बारम्बार भइरहेको छ।






**[वर्गीकरण गर्दा ध्यान दिनु पर्ने कुराहरू]** खाद्य पदार्थ, पेय पदार्थ (मसाला तथा खाने औषधि सहित) बाँकी भएको सामान






- कस्मेटिक सामानका सिसीलाई जलाउन नमिल्ने फोहरमा राख्ने
- भित्रको पदार्थ सबै खाली गर्ने। धातुको बिर्कोलाई सानो धातुजन्य फोहरमा राख्ने

## पुनः प्रयोग सामग्री संकलन ठाउँमा ल्याउनु पूर्व त्यहा संकलन गर्ने तरिकाहरु छन् जुन तपाइलाई उपयोगी हुन सक्छ

### तपाइको शहरमा पुनः प्रयोग सामग्री संकलन बाकस

घरबाट निस्किएको कागज, प्रयोग गरेको कपडा संकलन गर्ने बाकस
घरबाट निस्किएको कागज, प्रयोग गरेको कपडा संकलन गर्ने बाकस केहि नगरपालिका कार्यालय, खेलकुद केन्द्रमा उपलब्ध हुन्छ जुन सबैको प्रयोग लागि हुन्छ बिस्तृत जानकारीको पुनः प्रयोग ब्युरोको वेबसाइट हेर्नुहोस



### संसाधन पुनः प्राप्ति साइटहरू

प्रत्येक वडाको पुनः प्रयोग हुने सामान रिसाइकल विभाग, सङ्कलन कार्यालय (मिदोरी-वडामा नागासाखादानी यार्ड, साखाए वडामा साखाए स्टक यार्ड) मा संचालन गरिरहेको पुनः प्रयोग हुने सामान सङ्कलनको मुख्य स्थल हो।
तपाइले प्रयोग गरिएको कागज र प्लास्टिक कन्टेनर। प्याकेजिङ्मा ल्याउन सक्नुहुन्छ। बिस्तृत जानकारीको लागि, कृपया आफ्नो स्थानीय संसाधन र खेर गएको सामग्री संकलन कार्यालय र खेर गएको सामग्री पुन नबिकरनिय ब्यूरोसँग सम्पर्क गर्नुहोस्।

## फोहर फाल्ने तरिका, सङ्कलन, थुपार्ने स्थान, मरेका जनावरको लाशलाई विसर्जन गर्ने आदिको बारेमा

जापानी भाषा नआउने व्यक्तिको हकमा, जापानी भाषा आउने व्यक्तिलाई फोन गर्न लगाउनुहोस्।

**संकलन कार्यालय** (सोम -शनि 8:00-16:45)

| वार्ड | टेलीफोन | फ्याक्स | वार्ड | टेलीफोन | फ्याक्स |
|---|---|---|---|---|---|
| चुरुमी | 502-5383 | 502-5482 | खानाजावा | 781-3375 | 788-0269 |
| खानागावा | 441-0871 | 441-5938 | कोहोकु | 541-1220 | 541-1224 |
| निशी | 241-9773 | 251-1791 | मिदोरी | 983-7611 | 982-7973 |
| नाका | 621-6952 | 625-2932 | आओबा | 975-0025 | 975-0028 |
| मिनामी | 741-3077 | 741-6492 | चुजुकी | 941-7914 | 941-8409 |
| कोनान | 832-0135 | 832-5204 | तोचुका | 824-2580 | 824-2820 |
| होदोगाया | 742-3715 | 742-4931 | साकाए | 891-9200 | 893-7641 |
| आशाही | 953-4811 | 953-6669 | इजुमी | 803-5191 | 803-7951 |
| इसोगो | 761-5331 | 754-6109 | सेया | 364-0561 | 391-4784 |

## ठूलो आकारको फोहर सङ्कलनको लागि अनुरोध गर्ने तथा सोधपुछ

खुल्ने समय
सौमवार देखि शनिवार (नयाँ वर्षको बिदा बाहेक सार्वजनिक बिदाको दिनमा पनि खुल्ला हुने) बिहान 8:30 देखि दिउँसो 5 बजे सम्म

कुराकानी गर्न सक्ने भाषाहरू, अङ्ग्रेजी भाषा, चाइजीज भाषा, कोरियन भाषा, स्पेनिस भाषा, पोर्चुगल भाषा

**इन्टरनेटबाट अनुरोध**

ठूलो आकारको फोहर फाल्नको लागि, इन्टरनेट मार्फत अनुरोध गर्न सक्नु हुन्छ। विस्तृत जानकारीको लागि, योकोहामा नगरपालिकाको होमपेज हेर्नुहोस्।
*इन्टरनेटबाट अनुरोध गर्न मिल्ने सामानको लिष्टमा नभएको सामान फाल्नु पर्ने अवस्थामा, फोन गरेर अनुरोध गर्नुहोस्।
मोबाइल फोन, स्मार्ट फोनबाट पनि अनुरोध गर्न सक्नुहुन्छ।

**फोनबाट अनुरोध**

साधारण टेलिफोन आदिबाट (नाभी डायल)
☎ **0570−200−530**
मोबाइल फोन तथा IP फोन आदिको फ्ल्याट रेट , निःशुल्क कल, आदि डिस्काउन्ट फोन कल सेवा प्रयोग गरिरहेको व्यक्तिको हकमा
**045−330−3953**
खुल्ने समय सोमवार देखि शनिवार (नयाँ वर्षको बिदा बाहेक सार्वजनिक बिदाको दिनमा पनि खुल्ला हुने) 8:30 देखि 5 बजे सम्म



सोमवार / मङ्गलवार र सार्वजनिक बिदाको भोलिपल्ट, फोन धैरै नै व्यस्त हुने गर्छ। समयलाई अगाडि पछाडि पारेर फोन गर्नुहोस्। वा इन्टरनेटबाट गर्नुहोस्। सेवाको गुणस्तरलाई वृद्धि गर्ने हेतुले, कुराकानीलाई रेकर्ड गर्ने गरिरहेको छ।

2023 साल अप्रिलमा प्रकाशन योकोहामा नगरपालिका पुनः प्रयोग हुने सामानको रिसाइकल विभाग, प्रशासन शाखा
〒231-0005 योकोहामा-सी, नाखा-कु, होनमाची 6-50-10 23 तल्ला फोन : 671-3819

संकलन दिनको तालिका अनुसार बिहान 8:00बजे सम्ममा सम्बन्धित ठाउमा जम्मा गर्नुहोस !

सम्बन्धित ठाउँ साइट र संकलन दिन(हरु)को चेक गर्नुहोस र आफ्नो सजिलोको लागि फोहोरको बर्गिकरण तथा फ्याक्ने दिनहरुको कतै देखीने ठाउँमा लेखेर राख्नुहोस।

# रिसाइकल योग्य सामग्री र फोहोरको बर्गिकरण र नस्ट गर्ने

| फोहोरको किसिम र नस्ट (फ्याक्ने) तरिका | संकलन गर्ने दिनहरु | विवरण |
|---|---|---|
| **जलाउन योग्य फोहोर**<br>कृपया फोहोर फ्याक्नको लागि अर्ध पारदर्शी झोलाहरु, कन्टेनरको प्रयोग गर्नुहोस । | | भान्सा स्क्रैपहरु *बढी भएको पानी<br>प्लास्टिक आइटम जस्तै भिडियो टेपहरु, सी.डीहरु, खेलौनाहरु, वाशबेसिनहरु, डिस्पोजेबल लाइटर,आदि।<br>साना घरेलु उपकरण (टेलीफोन, राइस कुकर, आदि ।) *मुख्य रुपमा प्लास्टिक बाट बनेको र 50 से.मी भन्दा कम । राइस कुकरको भित्रि भाँडो सानो धातुको सामान मा पर्दछ (30 से.मि भन्दा कम भएमा ) ●ब्याट्रीलाई निकाल्न नमिल्ने रिचार्जेबल सानो घरायसी इलेक्ट्रोनिक्स सामानलाई, जलाउने फोहर भन्दा फरक "छुट्टे झोला" मा राखेर फाल्नुहोस्।<br>रिसाईकल गर्न नमिल्ने पेपर: माटो मिसिएको कागज; दही र आइसक्रीमको कागज कन्टेनर (खोल ); पेपर कार्टुन जुन भित्रि बाट अल्मुनियम प्रयोग गरिएको हुन्छ ।<br> |
| **जलाउन नमिल्ने फोहोर**<br>कृपया ओर्जिनल बाकसमा राख्नुहोस वा पत्रिकामा बेर्नुहोस र त्यस माथि नस्ट गर्ने तरिका लेबल गर्नुहोस । | | ◆मूल बक्समा राख्नुहोस् वा पत्रिकाले बेर्नुहोस र वस्तुलाई संकेत गर्नुहोस्<br>ग्लास वस्तुहरु *ग्लास; सिरेमिक्स; फ्लोरोसेंट रोशनीहरु, लाइट बल्बहरु ●LED (प्लास्टिकबाट बनेको), जलाउने फोहर; कस्मेटिक प्रयोग र औषधिको लागि बोतलहरु (तरल दबाइको बोतलहरु बाहेक)<br>प्लास्टिक क्यापहरु प्लास्टिक कंटेनर / प्याकेजिङ्ग मा समाबेश हुन्छन ।<br> |
| **स्प्रे क्यानहरु**<br>क्यानलाइ पूर्ण रुपमा खाली गर्नुहोस र अर्ध पारदर्शी झोलामा राख्नुहोस । स्प्रे क्यान मात्र राख्नुहोला (अन्य फोहर नमिसाउनुहोला) । | | स्प्रे क्यानहरु (हेअर स्प्रे , किटनासक स्प्रे , र कार्टटिज प्रकारको ग्यास सिलिन्डर )<br>*क्यानलाई काट्ने , प्वाल पार्ने नगर्नुहोस<br>・नस्ट गर्नु पूर्व सुरक्षित स्थानमा क्यान हरु पूर्ण रुपमा खाली गर्नुहोस र आगो बाट टाढा राख्नुहोस (भित्रको पदार्थलाई निकाल्न प्रयास गर्दा पनि निकाल्न नसकिने अवस्थामा, पुनः प्रयोगे हुने सामानको रिसाइकल विभाग, प्रशासन शाखामा सम्पर्क गरी सल्लाह गर्नुहोस।)<br>प्लास्टिक क्यापहरु प्लास्टिक कंटेनर / प्याकेजिङ्ग मा समाबेश हुन्छन ।<br> |
| **ड्राइ-सेल ब्याट्रीहरु**<br>अर्ध पारदर्शी झोलामा ब्याट्री मात्र राख्नुहोला (अन्य फोहर नमिसाउनुहोला) । | | ◆ट्युब आकारको ड्राइ सेल ब्याट्री<br>जस्तै म्याङ्गनीज ब्याटरीहरु, एल्किन ब्याटरहरु र लिथियम प्राथमिक ब्याट्रीहरु<br>आइटम जुन ड्राइ सेल ब्याट्रीहरु होइनन: बटन टाइप ब्याट्री र रिचार्जेबल ब्याट्रीहरु →पुनःप्राप्ति-सहकार्य पसलहरु (कुनै समस्या परेमा ,खुद्रा विक्रेता वा संसाधन र अपशिष्ट संग्रह कार्यालय सोध्नुहोस) ।<br> |
| **प्लास्टिक कन्टेनरहरु र प्याकेजिंग**<br>हल्का रुपमा सफा गर्नुहोस र अर्ध पारदर्शी झोलामा राख्नुहोस । | | ◆सम्पूर्ण "प्लास्टिक कन्टेनर /प्याकेजिंग " लोगो भएका आइटम<br>बोतलहरु: स्याम्फु,सर्फ; ट्युबहरु: मायोनेज, टूथपेस्ट आदि; कप र कन्टेनरहरु: पुडिंग कपहरु , अन्डाको क्यारेटहरु, बेन्तोबक्सहरु आदि।; ट्रेहरु: बिग्रने खानाको ट्रेहरु<br>जालिहरु: फलफुल र तरकारीमा प्रयोग भएको जालिहरु; बिर्कोहरु: पेट बोतलका प्लास्टिक बिर्कोहरु आदि ।; प्लास्टिक झोलाहरु र र्यापिंग: प्लास्टिक सपिंग ब्यागहरु , स्न्याक्स ब्यागहरु; कुशन सामग्री: पोलिस्टरबाट बनेका सामग्री<br>・कृपया पूर्ण रुपमा खाली गर्नुहोस र भित्र हल्का सफा गर्नुहोस ・कृपया प्लास्टिकबाहेक सामग्री ( धातु , कागज आदि ) हटाउनुहोस ।<br>*सानो आकारमा बनाउनको लागि कृपया काटेर पिस बनाउनुहोला ।<br>●कन्टेनर / प्याकेजिंग को मतलब के हो? सामान झिकेपछि कन्टेनर र प्याकेजिंग(र्यापिंग) को आबस्यक पर्दैन<br>जुन आइटम कन्टेनर र प्याकेजिंग प्लास्टिक होइनन: ・प्लास्टिकका सामानहरु , प्लास्टिकआइटम जस्तै भिडियो टेप , सि.डी खेलौनाहरु , वाशबेसिन, नस्ट गर्न मिल्ने लाइटर जलाउन योग्य फोहोर मा समाबेश हुन्छन<br>प्र प्लास्टिक कन्टेनर र प्याकेजिङ्ग कसरी सफा हुनुपर्छ?<br>उ ट्युबहरु, जस्तै मायोनेज कन्टेनर लाई पूर्ण रुपमा प्रयोग गर्नुहोस सफा गर्नु पर्दैन . ट्रेहरु, कपहरु र बोतलहरु लाई खाली नराखी हलुका सफा गर्नु<br> |
| **क्यानहरु बोतलहरु प्लास्टिक बोतलहरु**<br>लिड र बिर्को हटाउनुहोस र्याप पनि बोतल बाट हटाउनुहोस र भित्र हलुका रुपमा सफा गर्नुहोस र अर्ध पारदर्शी झोलामा राख्नुहोस । | | ◆खाना र पेय पदार्थका क्यानहरु , ग्लासहरु<br>◆पेट बोतल लोगो भयका प्लास्टिक बोतलहरु, प्लास्टिक बोतल (PET)<br>क्यानहरु: ・क्यानलाई नथिच्नुहोस; बोतलहरु; प्लास्टिक बोतलहरु: ・प्लास्टिक बोतलहरु कुच्याउनुहोस ।<br>प्लास्टिक बिर्कोहरु, र्यापर प्लास्टिक कन्टेनर /प्याकेजिंग समाबेश हुन्छन ।<br>*प्रायः हातले छुट्याउने गरिरहेकोले, सूईको सियो आदि कदापी नराख्नुहोस्<br>जुन आइटम क्यानहरु, शिशि बोतलहरु, प्लास्टिक बोतलहरु होइनन: ・पेन्ट गरेका क्यानहरु साना धातु आइटम मा समाबेश हुन्छन । ・कस्मेटिक र औषधिको बोतलहरु, (झोल औषधि बाहेकका बोतलहरु ) जलाउन योग्य फोहोर मा समाबेश हुन्छन ।<br> |
| **साना धातुका आइटम**<br>लिडहरु र अन्य साना सामग्रीहरु बाहेक, कृपया यिनीहरुलाई झोलामा नराख्नुहोस । | | ◆धातुका आइटम 30 से.मी भन्दा कम<br>(जस्तै) भाडा, कितिली, छाता,तार,हयांगर,राइस कुकरको भित्रि भाडो आदि ।<br>*भाँडाको हयान्डललाई समावेश नगरि भाँडाको ब्यास नापिन्छ ।<br>*कृपया खतरनाक बस्तुहरु जस्तै काट्ने धारिलो बस्तुलाई बाक्लो कागजले र्याप गर्नुहोस र सामानको नाम लेख्नुहोस। कृपया झोलामा धारिला बस्तु बाहेक अन्य समानहरु झोलामा नराख्नु होला ।<br>जुन आइटममा धातु भन्दा बढी अधातु, कपडा/छाताको प्लास्टिक पार्ट आदि जलाउन योग्य फोहरमा समाबेश हुन्छन। |
| **प्रयोग गरेको कागजको बक्स**<br>नस्ट गर्नु पूर्व फोहोरको किसिम अनुसार बर्गिकरण गर्नुहोस र डोरीले बाध्नुहोस। (अन्य कागजको किसिमको लागि तिनीहरुलाई कागजको झोलामा वा अर्ध पारदर्शी झोलामा राख्नुहोस)<br>**पुरानो कपडा**<br>अर्ध पारदर्शी झोलाहरु प्रयोग गर्नुहोस।<br>*योकोहामा शहरमा सङ्कलन गरिदैन । | | ◆छिमेकी संघ , बाल समूह , वा अन्य समुहहरु(जुन स्थानीय संघको रिसाइकल योग्य सामग्री संकलन समूह ) ले संकलन गर्ने दिनहरु मा समाबेश हुने प्रयास गर्नुहोस ।<br>पत्रिकाहरु; म्यागजिनहरु, *बस्तु पिच्छे अलग अलग एकत्रित गरी, डोरीले बाँध्ने; कार्डबोर्ड *पट्याएर डोरीले बाँध्ने<br>कागजका कार्टुन (जुन भित्र बाट आलुमुनियम प्रयोग गरिएको हुन्छ तिनीहरु जलाउन योग्य फोहोरमा समाबेश हुन्छन ।) ・सफा गरेर, काटेर खोल्नुहोसे र सुक्खा बनाएर डोरीले बाध्नुहोस।<br>अन्य कागज र्यापिंग पेपर, नोट, कागजको कार्टुन मिठाईको खोल, कागजको झोला,रसिद चित्रकोर्ने पेपर आदि<br>लाई कागजको झोलामा राख्नुहोस (उपलब्ध नभयेको खण्डमा अर्धपारदर्शी झोलामा राख्नुहोस) र झोला भित्र राखियेको फोहोर बाहिर नपोखिने गरि बाध्नुहोस<br>तल उल्लेखित बस्तुहरु जलाउन योग्य फोहोर हुन् (तल उल्लेख नगरिएका सम्पूर्ण कागजहरु प्रयोग गरिएको कागजमा समाबेश हुन्छन)<br>सफा नभएको कागज जस्तै पिज्जा बक्स, हमबर्गर र्यापिंग, भित्र अल्मुनियम भएको कागज, कार्बन पेपर दहि र आइसक्रिमको खोल, कप नुडल्स, सर्फको खोल साबुनको खोल<br>**प्रयोग गरेको कपडा**: एक अर्ध पारदर्शी झोलामा, सफा, सुक्खा वस्तुहरु राख्नुहोस्। कपडा, तन्नाहरु, ब्लान्केट, फोहोर पर्दाहरु<br>फटेको समान वा कपास भरिएका चीजहरु जलाउन योग्य फोहोरमा जान्छन्<br>*पानी परेको दिन फोहोर नफ्याक्नुहोस अर्को फ्याक्ने दिन सम्म पर्खनुहोस वा संसाधन पुनःप्राप्ति बक्समा लैजानुहोस<br> |
| **ठुलो आकारको फोहोर**<br>ठुलो फोहोरको लागि टास्न पर्ने स्टिकर ठुलो आकारको फोहोरमा टास्नुहोस र निर्दिस्ट दिनमा बिहान 8:00 बजे सम्म सम्बन्धित संकलन ठाउमा जम्मा गर्नुहोस । | अपोइन्टमेन्ट द्वारा / शुल्क लाग्ने | ◆धातुको आइटम 30 से.मी भन्दा ठुलो अन्य आइटम (प्लास्टिक र काठको आइटम) 50 से.मी भन्दा ठुलो<br>*कहाँ टास्ने भनेर पछाडी हेर्नुहोस<br>*टि.भी, फ्रीज, ए.सी आदि ठुलो फोहोरको रुपमा संकलन गर्न मिल्दैन ।<br>→यदि तपाईले नया किनेर पुरानो लाई रिप्लेस गर्न खोजेको खण्डमा समान किन्ने ठाउमा पुरानो संकलन गर्छ कि गर्दैन सोध्नुहोस ।<br>→यदि तपाई किनेको ठाउँको बारेमा अनभिज्ञ हुनुहुन्छ भने योकोहामा घरायसी इलेक्ट्रोनिक्स सामान रिसाइकल प्रोमोसन संघमा सम्पर्क गर्नुहोस।<br>0120-014-353 0120-632-515<br>*ब्यक्तिगत कम्प्युटर ठुलो आकारको फोहोरमा जम्मा गर्न मिल्दैन ।<br>→यदि तपाईसग आफैले बनाएको कम्प्युटर, कम्पनीको नाम नभयको खण्डमा कृपया व्यक्तिगत कम्प्युटर 3R प्रोमोसन केन्द्र 03-5282-7685 मा सम्पर्क गर्नुहोस केही निश्चित साइजको सामानलाई, सानो आकारको घरायसी इलेक्ट्रोनिक्स सामानको रुपमा सङ्कलन गर्न गरिरहेको छ।<br>*सानो आकारको घरायसी उपकरण 50 से.मी भन्दा कम, प्राय प्लास्टिकबाट बनेको (जस्तै रेडियो,क्यासेट प्लेयर,प्रिन्टर) आदि जलाउन योग्य फोहोर हुन् ।<br> |

ठुलो आकारको फोहोर संकलन केन्द्र ☎ 0570-200-530 📱 045-330-3953